मन्त्री

बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल



## गणतन्त्र दिवस २०८३ को शुभकामना

२४० वर्षभन्दा लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय, लोकतान्त्रिक, गणतान्त्रिक राज्य घोषणा गरिएको ऐतिहासिक दिनको अवसरमा मनाइँदै गरेको गणतन्त्र दिवस २०८३ का अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट स्थापित गणतन्त्रले आज नागरिक अधिकार, समावेशिता, समानुपातिक सहभागिता तथा सामाजिक न्यायको आधारलाई थप सुदृढ बनाएको छ। वि.सं.२०७२ मा जारी भएको नेपालको संविधानले शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा तथा समान अवसरलाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। आज देशभर लाखौं नागरिक सामाजिक सुरक्षा भत्ता, आधारभूत स्वास्थ्य सेवा तथा निःशुल्क तथा अनिवार्य शिक्षाको अवसरबाट लाभान्वित भइरहेका छन्। महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको राज्य संरचनामा सहभागिता पनि विगतभन्दा उल्लेखनीय रूपमा वृद्धि भएको छ।

सामाजिक विकासको क्षेत्रमा पनि प्रदेश तथा स्थानीय तहसम्म शिक्षा, महिला तथा बालबालिकासम्बन्धी सेवाहरू विस्तार हुँदै गएका छन्। गुणस्तरीय शिक्षा, सीप विकास, युवाको क्षमता अभिवृद्धि तथा सामाजिक सचेतना र सशक्तीकरणका कार्यक्रममार्फत समुन्नत र आत्मनिर्भर समाज निर्माणतर्फ प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

यस ऐतिहासिक अवसरमा लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनमा योगदान पुऱ्याउनुहुने सबैप्रति उच्च सम्मान व्यक्त गर्दछु।

गणतन्त्र दिवसले हामी सबैमा राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्य, सुशासन, सामाजिक सद्भाव र समृद्ध नेपाल निर्माणको संकल्पलाई अझ मजबुत बनाउने प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
जय नेपाल।

मा. कन्चन चन्द्र वादे
मन्त्री
सामाजिक विकास मन्त्रालय